हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०२ अंक : ३१ पृष्ठ : ४ २०७८ असोज ६ गते बुधबार (Wednsday 22 Sep. 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## चार राजनीतिक दलिय गठबन्धनको आरोप
## लहानमा प्रशासकीय अधिकृतको कारण भ्रष्टाचार बढ्यो



लहान, ५ असोज । सिरहाको लहान नगरपालिकामा प्रमुख प्रशासकीय खेम नन्द भुषालको गैरकानूनी कामले भ्रष्टाचार बढेको स्थानीय चार राजनीतिक दलिय गठबन्धनले आरोप लगाएका छन् । नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्र तथा जसपासहितको गठबन्धनले मंगलबार पत्रकार सम्मेलन गरी लहान नगरपालिकामा प्रशासकीय अधिकृत र मेयर मुनि साहको मिलोमतोमा भ्रष्टाचार बढिरहेको आरोप लगाएका छन् ।

पत्रकार सम्मेलनमा कांग्रेसका तर्फबाट नगरसभापति सुनिल कुमार महतो, क्षेत्रिय सभापति अच्छमितलाल चौधरी, पूर्व नगरसभापति महेश चौधरी, वडाअध्यक्ष अरूण केसी, नेकपा एकीकृत समाजवादीका तर्फबाट विनोद साह, जसपाबाट वैद्यनाथ साह, दिनेश महतो र नेकपा माओवादी केन्द्रबाट विजय गुप्ता सहभागि थिए । उनीहरूले प्रशासकीय अधिकृतको कारण यहाँ भ्रष्टाचार बढ्दै गएको प्रेस विज्ञप्तीमार्फत् जनाएको छ ।

नदी उत्खन्नका लागि कम राजश्वमा चाइनिज कम्पनीलाई उत्खन्न गर्ने र खोलामै क्रसर राख्ने अधिकार दिएको बताइएको छ । राजश्व कम लिने र अवैध रूपमा थप रकम प्रशासकीय अधिकृत र मेयरले लिएको उनीहरूले आरोप लगाएका छन् । शिक्षक सरूवा कानूनी विपरित पटक पटक गरिरहेको उनीहरूले पत्रकार सम्मेलनमा जनाए । अदालतबाट गैर कानूनीभन्दा पनि पटक पटक शिक्षक सरूवा गरेर शिक्षा क्षेत्र अस्तव्यस्त बनाएको आरोप छ । वडा स्तरीय बजेट विनियोजनमा विभेद गरेको प्रेस विज्ञप्तीमा उल्लेख छ । आफ्नो पार्टीका वडामा बढी बजेट र विपक्षी पार्टीको वडा

–बाँकी अन्तिम पेजमा

## सक्षम नेतृत्व पार्टीमा आउनुपर्छ : रामगणेश दास



लहान, ५ असोज । नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि रामगणेश दासले नेपाली कांग्रेसको सिरहा क्षेत्र नम्बर १ मा वडा, नगर, क्षेत्रको अधिवेशनबाट सक्षम व्यक्ति नेतृत्वमा आउनपर्ने धारणा सार्वजानिक गरेका छन् । लहान पोस्ट्सँग कुरा गर्दै उनले आउँदो स्थानीयको तहको निर्वाचनमा पार्टीलाई जिताउने नेतृत्व चाहिएको बताए । 'अहिले सबै नेताहरूलाई अधिवेशन लागेको छ । वडा वडामा सम्भावित क्षेत्रिय प्रतिनिधिसँग उनीहरूले मत मागिरहेको छ,'उनले भने,'गएको स्थानीय तहको निर्वाचनमा पार्टी धेरै ठाउँमा पराजित भएको छ । त्यसमा नेतृत्व वर्गले तत्कालिन समयमा के गऱ्यो ? वडाको टिकट कसरी ? कसले वितरण गरेको थियो त्यो सबै पक्षमा विचार पुऱ्याउनुपर्छ ।' नेतृत्वमा रहेको नेताहरूले पार्टीमा आवद्ध आम कार्यकर्तालाई गतिशिल बनाउने काम गर्ने बाला छ की नाई हेर्नुपर्ने उनको भनाई छ ।

कांग्रेस दलित समुदायका व्यक्तिहरूलाई उचित स्थान दिनुपर्ने उनले माग गरे । नेतृत्व वर्गले कार्य क्षमता हेरेर नेतृत्व गर्न सक्षम दलित समुदायबाट पार्टी राजनीतिमा लागेका व्यक्तिलाई अवसर दिनुपर्ने उनको भनाई छ ।

## श्रीमतिले प्रेमीलाई रकम दिएर आफ्नै श्रीमानको हत्या गराए

लहान, ५ असोज । सिरहाको गोलबजार नगरपालिका ४ निपनिया कुटी टोलका हरिहरदेवी महराले प्रेमीलाई ऋण गरी ६० हजार रूपैयाँ दिएर गराए आफ्नै श्रीमान दुखरन मोचीको हत्या गराएको खुलेको छ । गत भदौं १८ गते निपनियाका ३९ वर्षीय मोचीको शव भारतको बिहार राज्य जयनगर स्थित वरही गाउँको नहरमा धारिलो हतियार प्रयोग गरी हत्या गरेको अवस्थामा फेला परेको थियो ।



उक्त हत्या निजकै श्रीमति ३८ वर्षीया हरिहरदेवीको योजनामा भएको प्रहरीले अनुसन्धानबाट पता लगाएको छ । हत्या आरोपमा हरिहरदेवीलाई घरबाटै प्रहरीले आइतबार पक्राउ गरी सोमबार साँझ सार्वजानिक गरेको छ । भारतीय प्रहरीले नेपाल प्रहरीलाई घटनास्थलको सम्पूर्ण विवरण पाएको थियो । घटनामा संलग्न मध्येका हरिहरदेवीको प्रेमी २६ वर्षीय मुकेश यादवलाई भारतीय प्रहरीले पक्राउ गरी भारतकै जयनगर थानाबाट थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डिएसपी सुवास बुढाथोकीले बताए । पक्राउ परेका आरोपित यादव भारतको जिल्ला मधुबनी देउधा गाउँका हुन् ।

**हत्याको कारण : अबैध प्रेम सम्बन्ध तथा घरेलु**

–बाँकी दुई पेजमा




# “संवैधानिक संस्कारको अभाव हाम्रो मूल समस्या हो”

**भास्कर गौतम**

**आरम्भमै त्रुटि**

लामो द्वन्द्वपछि निर्वाचनमार्फत गठन भएको संविधानसभाबाट संविधान बन्न नसकेर दोस्रो संविधानसभा बन्यो । दोस्रो संविधानसभामा आइपुग्दासम्म राजनीतिक समीकरण र शक्ति समीकरणमा फेरबदल भएको थियो । त्यो फेरबदलसँगै संविधानले आफ्नो प्रतिबद्धता पूरा गर्न सकेन । दोस्रो जनआन्दोलनपछि बनाइएको अन्तरिम संविधानको जगमा बसेर संविधानसभाबाट प्रत्येक पेचिला विषय, द्वन्द्वकालमा उठेका मुद्दाहरू र भविष्यमा उठ्न सक्ने अन्य विषयहरू पनि समाधान होस् भन्ने अपेक्षाले संविधानसभाको परिकल्पना गरिएको थियो । तर जारी हुँदासम्म संविधानले त्यो प्रतिबद्धता पूरा गर्न सकेन । त्यसको कारण थियो, संविधान पारित गर्ने प्रक्रिया । संक्रमणकालमा सहमतीय प्रक्रियाबाट संविधान जारी गर्ने सहमति भएको थियो ।

तर, दोस्रो संविधानसभाबाट संविधान पारित गर्ने बेलामा सहमतिलाई त्यागेर बहुमतको बाटो अख्तियार गरियो । संविधानको वरिपरि उठेका धेरै अपेक्षा र मागलाई सम्बोधन नगरिकनै पेलेर लैजाने अभ्यास गरियो । त्यो नै गलत नजिर थियो । त्यसले १० वर्षदेखि उठिरहेका विषयलाई राजनीतिक रूपमा सम्बोधन गर्नसकेन । र, संविधान जारी गर्ने अभ्यासदेखि नै यसको स्वामित्वमा प्रश्न उठ्न थाल्यो ।

**चुकेको अवसर**

संविधान जारी गर्ने बेलामा उठेका विषयलाई सम्बोधन गर्ने अवसर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले पाएको थियो । नेकपा (एमाले) र नेकपा ( माओवादी केन्द्र)को एकता भएर बनेको नेकपासँग भएको संख्याले उसलाई प्रशस्त अवसर दिएको थियो । उसले केही उदारता देखाएर पहिला सम्बोधन गर्न नसकेका विषयलाई दुईतिहाइ मत पुऱ्याएर संशोधनमार्फत सम्बोधन गर्नसक्थ्यो । जसले थप स्थायित्वको लागि एउटा आधार दिन सक्थ्यो । तर राजनीतिक नेतृत्वमा संविधानलाई थप जिवन्त बनाउने, जनताको जनजीविकासँग जोड्ने र जनताले स्वामित्व लिनसक्ने रूपमा विकास गर्ने चेतना नै पलाएन ।

संविधानलाई केश कागजमा गरिएको हस्ताक्षरको रूपमा भन्दा पनि जनताले दैनिक जीवनमा महशुस गर्नसक्ने तरिकाले जीवन्त बनाउनका लागि जनताले दिएको अवसर कम्युनिष्ट नेताले चुकाएको अवधिको रूपमा संविधान जारी भएपछिका यी ६ वर्षलाई लिनसक्छौं । त्यो अवसर चुकाउँदा थालनीमै भएका असहमतिहरू बढ्दै गए । संविधान जारी गर्दा जसरी फेरेर लगियो, त्यो प्रवृत्ति नै बढ्दै गयो । यी ६ वर्षमा कांग्रेस, एमाले, माओवादी र आन्दोलनबाट जन्मेको मधेसी नेतृत्वको पूर्णत अक्षमता प्रष्ट भएको छ । संविधान जारी गर्ने बेलामा असहमति जनाएका मधेसी नेतृत्वलाई पनि यो अक्षमताको भागीदार बनाउनुको कारण छ । उनीहरूले जुन विषयलाई लिएर विरोध जनाएका थिए र मधेसभरी धेरै जिल्लाबाट जनताको त्याग र समर्थन पाएका थिए, त्यसप्रति बेइमानी गरे । सरकारमा जानकै लागि संविधानमा आफैले जनाएका विमतिहरू बाँकी छैनन् भनिदिए ।

मूलतः राजनीतिक संस्कारको अभाव भएको अवधिको रूपमा ६ वर्षलाई लिनसक्छौं । यो अवधिमा सत्तामा भएका शक्तिले मात्र नभई विरोध जनाइरहेका विरोधी शक्तिहरूले पनि राजनीतिक संस्कार देखाएनन् । समाजको पिँधमा रहेका, राजनीतिक रूपमा आफ्नो प्रतिनिधित्व महशुस नगरिरहेका, सेवा, सुविधाको पहुँचमा अनुभूती नगरिरहेका मानिसले यो संविधान अनुसार हाम्रो राजनीतिक स्थिति, प्रणाली चलिरहेको छ भन्ने अनुभूती दिलाउने दायित्व राजनीतिक दलहरूमा थियो । तर संविधानलाई संस्थागत गर्न हाम्रो समाजलाई चाहिने व्यापक र जीवन्त संस्थाहरू बनाएर अगाडि बढ्ने अभ्यास यो ६ वर्षमा फिटिक्कै देखिएन ।

**हाम्रो विरोधाभास**

यो बिन्दुसम्म हामी कसरी आइपुग्यौं ? गएको ६ वर्षमा संविधानलाई जबरजस्ती भए पनि जारी गर्ने र त्यसको विरोध गर्ने पक्षहरू एउटै भए, किन ? त्यसको मूल कारण हो, हाम्रा राजनीतिक दलहरूमा नआएको संवैधानिक संस्कार । संविधान त हामीले धेरै जारी गऱ्यौं तर हाम्रा राजनीतिक दलहरूमा अहिलेसम्म संवैधानिक संस्कार आउन सकेन । नेपालमा भएका केही आधारभूत अन्तरविरोध र विवादलाई सम्बोधन गर्दै संविधान लेखेर अगाडि बढ्ने प्रक्रियाको सबैभन्दा ठूलो अपेक्षा संवैधानिक संस्कारसहितको राजनीति थियो । तर देखाउनकै लागि मात्र संविधान जारी गरियो । जसले गर्दा संविधान गतिशील हुन सकेन । आम मानिसको जीवनसँग नजोडिइकन संविधान गतिशील हुन सक्दैन । आम मानिसको जीवनसँग जोडेर गतिशील बनाउने, स्वामित्व लिने प्रक्रियाका लागि त राजनीतिक चिन्तनदेखि नै संवैधानिक संस्कार आउनुपर्छ ।

संवैधानिक संस्कार भएमात्रै संविधानभन्दा माथि म छैन, मेरो पार्टी छैन, मेरो सरकार छैन भनेर संविधानको मर्मलाई राजनीतिक व्यवहारमा उतारिन्छ । आज म भएको कुर्सीमा भोलि अरू आउन सक्छ भन्ने लोकतान्त्रिक धारणा विकास हुन्छ । त्यो संवैधानिक संस्कार हाम्रो राजनीतिक नेतृत्वमा रहेनछ भन्ने यो ६ वर्षमा पुष्टि भएको छ । त्यसैले आजको चुनौती भनेको संविधान अनुसारको ऐन, कानुन बनाउनेतिर लाग्नेमात्र हेइन । धेरै जनाले संविधान कार्यान्वयन भन्ने शब्दावली प्रयोग गरेको पाइन्छ । त्यो गलत छ ।संविधान जारी भएपछि स्वतः कार्यान्वयनको दिशामा जान्छ । मुख्य कार्यभार त, संविधान अभ्यासका क्रममा आजभन्दा भोलि बढी स्वामित्व लिने वातावरण बनाउने हो ।

संविधानको अपनत्वको चर्चा गर्दा यसमा समेटिएका मुद्दाप्रतिको सहमति र असहमतिको चर्चा गर्ने गरिन्छ । तर संविधान भनेको मुद्दाको कुरामात्र हेइन । देशलाई कसरी चलाउने भनेर लिखित रूपमा बनाइएको दस्तावेज हो संविधान । समाजमा भएका अन्याय, अत्याचार र ऐतिहासिक रूपमा भएको विभेदलाई सम्बोधन गर्न लोकतान्त्रिक संस्थाहरू निर्माण गरौं भन्ने सिद्धान्तमा टेकेर संविधानसभा गठन गरिएको थियो । तर विभिन्न मुद्दाका पक्ष, विपक्षमा उभिएका सबैले संवैधानिक संस्कारविहीन राजनीतिक अभ्यास गरिरहेका छन् । हरेक दल कसरी चलिरहेका छन् भनेर हेर्ने हो भने पनि यो पुष्टि हुन्छ । त्यसैले अब बहसको विषय सीमित मुद्दा रहेन ।

संघीयता, गणतन्त्र, समावेशीकरण, धर्मनिरपेक्षता लगायतका मुद्दा त छन् नै । आन्दोलनबाट आएका मुद्दा संविधानमा संस्थागत भएको हुनाले ती कायम नै छन् । तर हामी संवैधानिक हिसाबले हामी किन अघि बढ्न सकिरहेका छैनौं भन्ने प्रश्नमा विचार गर्दा मुद्दामा सीमित भएर हेर्न मिल्दैन । हामीले खास किसिमको नयाँ तौर-तरिकाको राजनीति खोजेका थियौं । यो संविधानले त्यसलाई सुनिश्चित गरोस् भन्ने हाम्रो आकांक्षा थियो । तमाम आन्दोलन, युद्ध जे जे भयो त्यो नयाँ किसिमको राजनीतिको खोजी थियो । त्यसको केही अंश यो संविधानमा लिखित थियो ।

तर त्यो लेखिँदैमा र कानून बनाउँदैमा व्यवहारमा सुनिश्चित नहुँदोरहेछ । त्यसको कारण के हो भने, एउटा राजनीतिको कल्पना गरेर अर्को खालको राजनीति अभ्यास भइरहेको छ । यो हाम्रो राजनीतिक दलहरुको सोच, चिन्तन, व्यवहार र अभिव्यक्तिमा देखिएको विरोधाभास हो । यो नै आजको समस्या हो । संविधानको सिद्धान्त नै राजनीतिक दलहरूले आत्मसात नगरेको देखिन्छ । परिणाम, संविधान संस्थागत हुन सकिरहेको छैन । त्यही कारणले नै खासगरी पुराना पार्टीहरू विग्रहमा गइरहेका छन् ।

**अनिश्चितताको प्रतिफल**

कुनै पनि संविधान आफैंमा पूर्ण हुँदैन । त्यसलाई गतिशील र जीवन्त बनाइहरनुपर्छ, जसका लागि संवैधानिक संस्कार चाहिन्छ । त्यो भनेको समाजमा दीर्घकालीन प्रभाव पार्ने मुद्दाहरूलाई संशोधन गर्न जहिले पनि तयार हुनु हो । केही आधारभूत सिद्धान्तमा आधारित रहेर कल्पना गरिएको शासन प्रणाली अगाडि बढाउने निर्देशक सिद्धान्त हो संविधान । छोटो संविधान भइकन पनि ती देशमा भएका आन्तरिक द्वन्द्व सम्बोधन भएका छन् किनभने त्यसका लागि आवश्यक संविधान संशोधन भइरहेका छन् । संविधान निरन्तर रूपमा संशोधन हुनुपर्ने गतिशील दस्तावेज हो । तर त्यो संवैधानिक संस्कार हाम्रा राजनीतिक दलहरूमा देखिएन । त्यो नहुँदा समाजको आवश्यकतासँग संविधान र राजनीतिक दलहरुको सम्बन्ध रहेन । त्यो संकट नै अहिलेको मूल संकट हो । संविधान अपूर्ण छ भन्ने स्वीकार्दा र संवैधानिक संस्कार देखाउँदासाथ नै यसप्रति विरोध जनाइरहेका सिमान्तकृत समुदाय पनि समेटिने बाटो खुल्छ । समाजको आधारभुत मुद्दालाई सम्बोधन गर्ने गरी संशोधन भयो भने यो संविधान दिगो हुन्छ । तर अहिलेको जस्तो क्षणिक भागबण्डालाई सम्बोधन गर्ने गरी संशोधन भयो भने यो मात्र हेइन कुनै पनि संविधान संकटमा रहन्छ ।

यो संकटले एकातिर राजनीतिक अनिश्चितता त सिर्जना गरेको छ नै साथै समाजको पिँधमा रहेका जनताको आवश्यकता पूरा गर्नसक्ने आर्थिक प्रणाली र सांस्कृतिक वातावरण; समाजको विविधतालाई सम्बोधन गर्नसक्ने राजनीतिक संस्थाहरूको निर्माण पनि हुनसकेको छैन । यो अभावले निरन्तर द्वन्द्वलाई समाजमा संस्थागत गरिरहने र कुनै पनि बेलामा त्यो द्वन्द्व चर्किने वातावरण दिइराख्छ ।-

*गौतम विराटनगरस्थित नर्थ साउथ कलेजसँग सम्बन्धित राजनीतिशास्त्री हुन् ।*

---

## *श्रीमतिले प्रेमीलाई...*

**हिंसा**

हत्याको कारणमा अबैध प्रेम सम्बन्ध र घरेलु हिंसा रहेको प्रहरीको अनुसन्धानमा देखिएको छ । मृतक मोचीको श्रीमति र ४ छोराछोरी छन् । उनी १० वर्ष पहिला वैदेशिक रोजगारीको सिलसिलामा कतारबाट फर्केर गाउँमा फर्निचर र किराना पसल सञ्चालन गरेर बस्दै आएको थियो । मृतक मोचीले विदेशमा रहँदा कमाएर घरमा पठाएको रूपैयाँको हिसाब श्रीमतिसँग बारम्बार मागे । खर्चको हिसाब माग्दा खटपट हुँदा मापसे गरेर आफुलाई मृतक मोचीले पटक पटक कुटपिट गर्दै आइरहेको प्रहरीलाई हरिहरदेवीले सुनाएकी छिन् । झगडा हुँदा घरमा रहेको किराना पसलको सामान फालिदिने, पैसा चोरी गर्ने तथा पसलमा आगो समेत लगाइदिने मृतक मोचीले गर्दै आइरहेको हरिहरदेवीले प्रहरीलाई बताएकी छिन् ।

प्रहरीका अनुसार श्रीमानले दिँदै आएको बारम्बारको यातनाको कारण उनी दुई पटक आत्महत्या गर्ने प्रयास गरेकी थिइन । तर, छोराछोरीको भविष्य सम्झेर आत्महत्या नगरेको हरिहरदेवीको भनाई छ । आफु मर्नु भन्दा श्रीमानलाई नै मारेर समस्या समाधान हुने सोच बनाईन् ।

**यसरी बनाइन हत्या योजना**

दुई वर्ष अगाडी हरिहरदेवी पाठेघरको अप्रेशन गराउन श्रीमानसँगै भारतीय बजार जयनगर पुगिन् । त्यहाँ उनको उपचारको क्रममा अस्पतालमा बस्दा भारतीय नागरिक एम्बुलेन्स चालक मुकेश यादवसँग चिनजान भयो । चिनजानपछि उनीहरूको सम्बन्ध प्रेममा परिणत भयो । श्रीमानले कुटपिट गरिरहेको र दु:ख दिने गरेको कुरा हरिहरदेवीले प्रेमी मुकेशलाई सुनाइन । प्रेमीलाई आफ्नो श्रीमानलाई हत्या गरिदिनु पऱ्यो भनेर हरिहरदेवीले आग्रह गरिन । त्यस बापत मुकेशले १ लाख भारतीय रुपैयाँ सुपारीको रूपमा माग गरे । हरिहरदेवीले त्यती रुपैयाँ नभई ४०/५० हजार दिन्छु भनेर हत्याको योजना बनायो ।

हत्या गराउन आवश्यक रकम व्यवस्थापन गर्नको लागि हरिहरदेवीले घर खर्चको अभाव भयो ऋण निकाल्नु पऱ्यो भनि श्रीमानसँग सल्लाह गऱ्यो । भदौं १७ गते गोलबजार स्थित छिमेक लघुबित्तबाट ६० हजार ऋण निकाल्यो । ऋण निकालिसकेपछि हरिहरदेवीले बिरामी भएको र उपचारको लागि भारतीय बजार जयनगर जाउ भनेर श्रीमानलाई फकाईन् ।

सीमावर्ती बजार माडर पुगेर उनी प्रेमी मुकेशलाई फोनमा आफूहरु आइरहेको जानकारी गराईन । हत्या योजना मुताबिक चाहिने रकम दुखरनको खल्तीमा रहेको उनले बताईन । हत्यापछि त्यही रुपैयाँ लिन भनेर उनले सुनाएकी थिइन् ।

करिब साँझ ६ बजे भारतीय बजार जयनगर रेल्वे स्टेशनमा पुगेर श्रीमान-श्रीमति चिया, खाजा खान बस्यो । त्यहाँ हरिहरदेवीको प्रेमी मुकेश यादव २ जना अन्य साथीहरूसँग आयो । मुकेश अन्यत्र ठाउँमा खाजा खान जाउ भन्दै दुखरनलाई बुलेट बाइकमा लग्यो । त्यसपछि दुखरनको घाटी काटेको अवस्थामा शव फेला पऱ्यो । प्रहरीका अनुसार मुकेशले आफ्ना दुई साथी लगाएर हत्या गरी मृतकको साथमा रहेको ६० हजार नगद पनि लगेको देखिएको छ ।

भारतमा दुखरनको हत्या भएको सुनाउन हरिहरदेवी गाउँ शव भेटेकै दिन आइन । त्यसपछि प्रहरीले अनुसन्धान गर्दा संलग्नता देखिएको बताइएको छ ।

---

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज धैर्य एवं लगनशीलताले अवसर दिलाउने छ । पराक्रम बढ्नुका साथै पारिवारिक सुख मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् ।

**वृष** :- आज धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता लिनेछ । व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ ।

**मिथुन**:- आज धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । आफन्तको सहयोग प्राप्त हुनेछ । व्यापारमा वृद्धि हुनुका साथै सामाजिक प्रतिष्ठा मिल्नेछ ।

**कर्कट** :- मनमा दुविधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**सिंह**:- चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाईएला । वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । शुभ समाचार सुन्नमा आउला ।

**कन्या** :- कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समयछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् ।

**तुला** :- धार्मिक सामाजिक कार्यमा विशेष रूचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । धर्म,कर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला ।

**वृश्चिक** :-स्थान परिवर्तनका विशेष योग देखिन्छन् । लगानिको वातावरण बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । साँझमा पैशा खर्च हुने योगछ ।

**धनु** :- परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुन सकिने छ । विद्यामा सफलता पाइएला । अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाहान सुख पनि मिल्नेछ ।

**मकर**:- आज स्वादिष्ट भोजन पाईनेछ । प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**कुम्भ**:- सामाजिक कार्यमा रूचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । सोचेका काम पूरा हुनेछन् ।

**मिन** :- आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । शत्रुपक्ष भने सबल रहने भएकाले सजग रहनु उचित हुनेछ ।

# १४ औं महाधिवेशन

काठमाडौं, ५ असोज । नेपाली कांग्रेस १४ महाधिवेशनको कार्यतालिकामा प्रवेश गरिसकेको छ । केन्द्रदेखि गाउँसम्मको कांग्रेसीहरु महाधिवेशनको चक्रमा घुमिरहेका छन् । अहिले वडा तहको अधिवेशनहरु गरिरहेको कांग्रेसले ९ मंसीरदेखि १३ सम्म काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्दै छ । जसले पार्टीको नयाँ विधानअनुसार नयाँ नेतृत्व चयन गर्नेछ ।

हुन त नयाँ नेतृत्वको लागि कांग्रेस तल्लो तहमा पनि व्यापक प्रतिस्पर्धा देखिएको छ। तर केन्द्रमा हुने महाधिवेशनलाई लिएर शीर्ष तहका नेताहबीच रँडाको मच्चिएको छ। धेरैले वर्षौंदेखि सँगै रहँदै आएको समूह परित्याग गरिरहेका छन्। शीर्ष नेताहरु सार्वजनिक रुपमा सबैलाई मिलाउन लागिपरिरहेको दाबी गरे पनि वास्तविकतामा भन्ने सबै शीर्ष नेताहरु माथिदेखि तलसम्म आफ्नो गुट वा समूह वा आफ्नो पक्षका नेताहरु बलियो बनाउन लागिपरेका छन्।



१४ औं महाधिवेशनलाई लिएर कांग्रेसमा अहिलेसम्म चार ओटा प्रस्ट ध्रुवहरु जन्मिइसकेका छन्। जुन बढ्न पनि सक्छ र घटन पनि सक्छ। सभापति शेरबहादुर, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विमलेन्द्र निधि र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला पक्ष कांग्रेसमा अहिलेसम्म देखिएका मुख्य खेमाहरु हुन्। वरिष्ठ नेता पौडेल पक्षमा रहेका कोइराला परिवार र नेता प्रकाशमान सिंहले पनि समानान्तर गतिविधि चलाउँदै आइरहेका छन्।

कांग्रेसबारे पुस्तक लेखेका लेखक राजेश गौतम अहिले पार्टीभन्दा पनि नेताहरुमा आफ्नो नेतृत्वमा गुट बनाउन पाए जस्तो लाग्ने गरेको बताउँछन्। 'महाधिवेशनमा हिजो पनि शीर्ष तहका नेताहरुबीच प्रतिस्पर्धा हुन्थ्यो", गौतम भन्छन्, 'तर उनीहरु सबैको केन्द्रमा पार्टी हुन्थ्यो।' ०४६ पछि यो क्रम कांग्रेसमा विकास भए र अहिले त अति नै देखिन थालेको गौतमको विश्लेषण छ। हरेक नेतापिच्छे छुट्टै कार्यालयदेखि सम्पूर्ण संयन्त्र निर्माण गरेर महाधिवेशनमा प्रतिस्पर्धा हुन्छू, गौतम भन्छन्, 'तर कांग्रेसबारे कसैको पनि प्रस्ट दृष्टिकोण छैन।'

आफ्नो नेतृत्वमा जति बलियो गुट भयो पार्टीमा त्यति नै बढी अवसर पाउने वातावरण सिर्जनाले पनि यस्तो भएको हुन सक्ने गौतमको ठम्याइ छ। सभापति देउवादेखि वरिष्ठ नेता पौडेल, उपसभापति निधि र पूर्वमहामन्त्री सिटौला त्यही रेसमा रहेका पनि उनले बताए।

**कस्को के दाउ ?**

सभापति देउवा

पाँचौं पटक प्रधानमन्त्री भइसकेका सभापति देउवा पार्टी सभापतिमा दोस्रो कार्यकाल दोहऱ्याउन चाहन्छन्। यद्यपि उनीमाथ पनि आफ्नै समूहबाट चुनौती थपिएको छ। अघिल्लो पटकको महाधिवेशनमा उनी गुटमा रहेका उपसभापति निधिले पनि सभापतिमा उम्मेदवारी दिएपछि देउवालाई आफ्नो पक्ष मिलाउन हम्मेहम्मे पर्ने देखिन्छ। सिटौलालाई आफ्नो पक्षमा मिलाएर देउवा महाधिवेशनमार्फत पुनः उदाउन खोज्दैछन्।

**वरिष्ठ नेता पौडेल**

वरिष्ठ नेता पौडेललाई सभापति इतरपक्षबाट एक्लो उम्मेदवार बन्ने रणनीतिमा छन्। तर यो कठिनजस्तो देखिएको छ। यद्यपि पौडेल पक्षले त्यसका लागि आन्तरिक गृहकार्य भने चलाइरहेका छन्। तर उनी पक्षका महामन्त्री शशांक कोइराला, पूर्वउपसभापति प्रकाशमान सिंह र शेखर कोइरालाले सार्वजनिक रुपमै सभापतिको उम्मेदवारी दिएका छन्। तर पौडेल पछि हटेका छैनन्।

**उपसभापति निधि**

सभापति देउवासँग लामो सहकार्य गरेर सभापतिको उम्मेदवारी घोषणा गरेका उपसभापति निधि देउवा पक्षको असन्तुष्ट लाइनलाई आफूतिर तान्ने प्रयासमा लागिपरेका छन्। देउवासँग लामो सहकार्यका कारण निधिको यो पक्षमा राम्रो प्रभाव रहेको नेताहरु बताउँछन्। प्रवक्ता विश्वप्रकाश शर्मालाई महामन्त्रीको उम्मेदवारका रुपमा आफूतिर तानिसकेका निधिले देउवाबाट असन्तुष्ट अन्य नेता पनि लैजाने रणनीतिमा छन्।

**पूर्वमहामन्त्री सिटौला**

१३ महाधिवेशनबाट अस्तित्वमा आएको पूर्वमहामन्त्री सिटौला समूह यो पटक केही कमजोर देखिए पनि रणनीतिक रुपमा अघिल्लो पटकझैं महत्त्वपूर्ण हुन सक्छन्। अघिल्लो पटकको महाधिवेशनमा सिटौला समूहबाट महामन्त्रीमा उम्मेदवारी दिएका गगन थापाले यो समूह परित्याग गरेपछि सिटौला केही कमजोर भने हुन सक्छन्।

तर दुईभन्दा बढी सभापतिको उम्मेदवार भएको अवस्थामा सिटौला अघिल्लो पटकझैं निर्णायक साबित हुन सक्ने राजनीतिक विश्लेषकहरुको अनुमान छ। त्यही कारण होला सिटौला र सभापति देउवाको हिमचिम पछिल्लो समयमा बढेको चर्चा कांग्रेसभित्र छ। यो पटक सिटौलाले सभापति देउवासँग मिलेर आफ्ना निकटका केही नेतालाई पदाधिकारीमा ल्याउने रणनीति बनाउन सक्नेछन्।

**कांग्रेसमा यसरी जन्मियो गुट**

कांग्रेसको पछिल्लो १३ औं महाधिवेशनमा तीन ओटा गुटहरु संस्थागत शैलीमै चुनावी मैदानमा उत्रिएका थिए। देउवा खेमाबाट सभापतिमा शेरबहादुर देउवाको प्यानल विजयी भएपछि उनले सम्बोधनमार्फत पार्टीभित्र गुटबन्दी समाप्त पार्ने दाबी गरेका थिए। तर १३ औं महाअधिवेशनको पूरा कार्यकाल बितिसक्दा कांग्रेसभित्रको गुट समाप्त हुनुको साटो झन् झन बढिहरको छ।

१३ औं महाधिवेशनमा तीन ओटा गुट देखिएको कांग्रेसमा अहिले कम्तीमा पनि त्यो ६ ओटामा विभक्त भइसकेको छ। पार्टीका गतिविधिहरु र विभिन्न मनोनयनमा आ–आफ्नो समूहगत प्रस्तुति देखाइरहेका पछिल्लो पटक देउवा समूह, पौडेल, सिटौला, कोइराला परिवार, निधि, प्रकाशमान सिंह खेमाहरु खुलिसकेका छन् । १३ औं महाधिवेशनदेखि पार्टीको नेतृत्वबाट बाहिरिएको कोइराला परिवारले पुनः नयाँ ढंगले आउने सन्देश पछिल्लो समय दिंदा कांग्रेसभित्र गुट–उपगुटको समीकरणहरुबारे पुनः चर्चा हुन थालेको छ।

कोइराला परिवारका शंशाक, शेखर र सुजाताको मिलाप भए कांग्रेसभित्रको आन्तरिक गुटबन्दीलाई प्रभाव पार्न सक्ने छ। कांग्रेसभित्र देखिने गरी भने २०१७ साल देखि नै गुटको खेती हुन थालेको जानकारहरु बताउने गर्छन्। ०१७ सालअघिसम्म खासै मतभिन्नता नभए पनि त्यस समय बीपी कोइराला र सुवर्ण शमशेरबीच कसरी अघि बढ्ने भन्नेबारे मतैक्यता हुन नसकेको देखिन्छ। त्यसपछि ०४६ सालको प्रजातान्त्रिक आन्दोलनपश्चात् बीपी खेमाको नेतृत्वमा गिरिजाप्रसाद कोइराला हाबी भएपछि त्यसविरुद्ध कृष्णप्रसाद भटराई, महेन्द्र नारायण निधिहरु उभिएका थिए।

त्यसअघि पनि पञ्चायतका कालमा कांग्रेसका 'अठतिसे समूह' उदाएका थिए। परशुनारायण चौधरीलगायत ३८ जना नेताहरुले पार्टीभित्र छुट्टै विचारको वकालत गरेका थिए। २०५१ सालमा आएर कांग्रेसभित्र यो गुटगत चलखेल झनै मौलाएर गएको देखिन्छ। ०५३ को महाधिवेशनमा कांग्रेस सभापति उम्मेदवारमा गिरिजाप्रसाद कोइरालालाई सघाएका देउवा त्यसपछि महाधिवेशनमा उनीविरुद्ध नै उभिए। ०५८ सालमा कांग्रेस त्यही गुट उपगुटका कारण विभाजनसमेत भएको थियो। ०६२/६३ को दोस्रो जनआन्दोलनपछि भने कांग्रेस एक भएको थियो। तर गुटगत राजनीति सकिएन। पार्टी एक भए पनि झनै आक्रामक तरिकाले खेमाहरु उदाउन थालेका छन्।

कांग्रेसबारे अध्ययन अनुसन्धान गरिरहेका विश्लेषक शंकर तिवारी पार्टीमा आन्तरिक लोकतन्त्रको अभ्यास नराम्रो नभए पनि त्यसको विधि र प्रक्रियाबारे शीर्ष नेताहरु सचेत हुनुपर्ने बताउँछन्। समानान्तर पार्टी गतिविधि गर्ने गरी छुटै कार्यालयसम्मको अभ्याससले पार्टीभित्रको ध्रुवीकरण बढ्ने र नकारात्मक प्रभाव नपार्नेतिर चनाखो हुनुपर्ने उनको भनाइ छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३–५६५४६८<br>९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# आवश्यक

जे. एस. मुरारका बहुमुखी क्याम्पस लहानमा कक्षा ११, १२ र स्नातक तहका लागि केही शिक्षण सहायक आवश्यक भएको हुँदा योग्यता पुगेको इच्छुक उम्मेदवारहरूलाई यस सूचनामार्फत दरखास्तको लागि आव्हान गरिन्छ ।

तपसिल

विज्ञापन नं. : ०१-२०७८/२०७९
पद : शिक्षण सहायक
संख्या : २ (दुई)
पदको किसिम : कोर्ष करार
विषय : नेपाली शिक्षा
न्यूनतम शैक्षिक योग्यता : सम्बन्धित विषयमा कम्तिमा दोस्रो श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण (अनुभवी तथा माथिल्लो योग्यतालाई विशेष ग्राह्यता)
शिक्षक गर्नुपर्ने तह : कक्षा ११, १२ र स्नातक
उमेर : ४० वर्ष ननाघेको
आवेदन दस्तुर : रू. १०००।-
परीक्षाको किसिम : Multimedia बाट कक्षा प्रस्तुतीकरण र अन्तरवार्ता
आवेदन बुझाउने अन्तिम मितिः २०७८।०६।१४ गते बिहीबार, ४:०० बजेसम्म
सम्पर्क मिति : २०७८।०६।१५ गते
परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

(क) शैक्षिक योग्यताको प्रमाण पत्रहरूको प्रतिलिपि १ (एक) प्रति ।
(ख) नेपाली नागरिकताको प्रतिलिपि १ (एक) प्रति ।
(ग) अनुभव भए सोको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति ।
(घ) व्यक्तिगत विवरण (CV) १ (एक) प्रति ।

नोट : *अन्तरवार्तामा आउँदा सम्पूर्ण प्रमाणपत्रको सक्कल प्रमाण पत्र अनिवार्य रुपमा ल्याउनु पर्ने छ ।*

**सम्पर्क**

**जे.एस.मुरारका बहुमुखी क्याम्पस**
**लहान, सिरहा**
**सम्पर्क नं. 9852834252, 033-560252**


# सशस्त्र प्रहरीमाथि भारतीय तस्कर समूहको आक्रमण, तीन प्रहरी घाइते

कञ्चनपुर, ५ असोज । कञ्चनपुरमा भारतीय तस्कर समूहले आक्रमण गर्दा तीन जना सशस्त्र प्रहरी घाइते भएका छन् । दोधारा चाँदनी नगरपालिका-८ सुन्दरनगर नजिकै नेपाल-भारत सीमा क्षेत्रमा गस्तीमा खटिएका नेपाली सशस्त्र प्रहरीको टोलीमाथि भारतीय तस्करको समूहले हिजो बेलुका आक्रमण गरेका हुन् । आक्रमणबाट सशस्त्र प्रहरीको बीओपी सुन्दरनगरमा कार्यरत तीन जना जवान समान्य घाइते भएका सशस्त्र प्रहरी बल नेपाल नम्बर ३५ नम्बर गण शैलेश्वरीले जनाएको छ । घाइतेमध्ये सशस्त्र प्रहरी जवान सुन्दर सुनारको टाउको हात र खुट्टा चोट लागेको छ ।

घाइतेहरूको दोधारा चाँदनीको स्वास्थ्य चौकीमा उपचार भइरहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३५ गण शैलेश्वरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक वीरेन्द्र ऐरले जानकारी दिनुभयो । ७/८ जनाको समूहमा आएका तस्कर आक्रमणपछि भागेका छन् । मोटरसाइकलमा भारतबाट सामान ल्याउँदै गरेका उनीहरूले सीमाक्षेत्र नजिक ढुंगामुढा गरेका हुन् । उनीहरूको पहिचान भएको र पक्राउ गरी कानुन अनुसार कारबाही गर्ने आश्वासन भारतीय पक्षले दिएको पनि एसपी ऐरले बताउनुभयो । यसअघि कैलालीमा तस्कर समूहले गस्तीमा रहेका प्रहरी सहायक निरीक्षक र प्रहरी जवानको हत्या गरेका थिए ।

# सबै राजदूत फिर्ता बोलाउने सरकारको निर्णय

काठमाडौं, ५ असोज । सरकारले राजनीतिक नियुक्ति पाएका सबै राजदूतलाई फिर्ता बोलाउने भएको छ । मंगलवार बसेको मन्त्रिपरिषद् बैठकले राजनीतिक नियुक्ति पाएका सबै राजदूत फिर्ता बोलाउने निर्णय गरेको कानुन, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो ।

बैठकले यसअघि केपी ओली सरकारले राजनीतिक नियुक्ति दिएर पठाएका राजदूतहरु फिर्ता बोलाउने निर्णय गरेको हो । यो निर्णयसँगै अमेरिकाका लागि नेपाली राजदूत युवराज खतिवडा, बेलायतका लागि नेपाली राजदूत लोकदर्शन रेग्मीलगायत अन्य देशमा नियुक्त भएका राजदूतहरू फिर्ता हुनेछन् ।

यस्तै मन्त्रिपरिषद्ले कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र औषधि ऐन २०३५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृती प्रदान गर्ने, कोभिड-१९ व्यवस्थापन आदेश २०७८ स्वीकृत गर्ने र संयुक्त राष्ट्र संघको ७६ औं महासभामा भाग लिन जाने प्रतिनिधि मण्डल गठन गर्ने निर्णय गरेको प्रवक्ता कार्कीले जानकारी दिनुभयो । मन्त्रिपरिषद् बैठकले कर्णाली करिडोर अन्तर्गत सल्लीसल्ला-सिमिकोट खण्डको डुल्लीकुनादेखि लालीबगर सडकखण्डको सात किलोमिटर र लैफुबद्री गाउँदेखि हुक्का खोलासम्म १३ दशमलव ५ किलोमिटर सडक खण्डको ट्र्याक निर्माण काम नेपाली सेनाबाट गराउन स्वीकृत प्रदान गर्ने निर्णय गरेको पनि सरकारका प्रवक्ता कार्कीले बताउनुभयो ।

## *चार राजनीतिक...*

अध्यक्ष निर्वाचितमा थोरै बजेट दिने गरेको छ ।

नयाँ सञ्चालनमा ल्याएको बस पार्क नगरपालिकाको हो की नीजि हो भन्ने विषयमा अन्यौल खडा भएको गठबन्धनका नेताहरूले बताएको छ । नगरपालिकाको लगानी र नगर प्रहरी खटेर जर्वजस्ती बाहिरको सवारी साधनबाट रूपैयाँ असुल्नेप्रति गठबन्धनका नेताहरूले विरोध जनाएको छ । जुन बस यहाँ यात्रु लिदैनन त्यो सँग कसरी रूपैयाँ असुल्ने भनेर पत्रकार सम्मेलनमा प्रश्न गरेका छन् । अस्थायी र करारमा आसेपासेलाई भर्ना गर्दा योग्य जनशक्तिले जागिरबाट बंचित भएको गठबन्धनका नेताहरूले बताएको छ । प्रशासकीय अधिकृत र मेयरको मिलोमतोमा कर्मचारी भर्ना गरिएको उनीहरूले सुनाए ।

कर्मचारी आर्थिक सुशासन कायम गराउने हो तर यहाँका प्रशासकीय अधिकृत मेयरसँग मिलेर भ्रष्टाचार बढाउने कार्य गरिरहेको गठबन्धनका नेताहरूले आरोप लगाए । नगरपालिकाले ग्राभेल खरिद गरेकोमा संगठित भ्रष्टाचार भएको उनीहरूको ठहर छ । ढुवानी कर्तासँग सस्तोमा लिने र नगरपालिकमा पूरा दरको निकासा गरेर लाखौं रूपैयाँ भ्रष्टाचार भएको उनीहरूको आरोप छ । भुषाल प्रशासकीय अधिकृतको जिम्मेवारी पाएदेखि हालसम्मको काम कारवाहीको छानीबन गर्नुपर्ने गठबन्धनका नेताहरूले सम्बन्धित निकायसँग माग गरेका छन् । प्रधानमन्त्री कार्यालयमा पनि ज्ञापनपत्र बुझाएको छ ।

**छोरीलाई विभेद नगरौं, माजलाई कमजोर नपारौ**


# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, सल्लाहकार सम्पादक : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)